# गौरीगङ्गा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## चौमाला,कैलाली
## सुदुरपश्चिम प्रदेश नेपाल

प.सं. :- ०७५/०७६
च.नं. :- १५६२

मिति :– २०७६/०१/२३

विषय :– उपभोक्ता समिति गठनमा सम्वन्धमा ।

श्री १ नं. वडा कार्यालय गोप्का , कैलाली
श्री २ नं. वडा कार्यालय चौमाला पुरानो वजार , कैलाली
श्री ३ नं. वडा कार्यालय चौमाला भिmल , कैलाली
श्री ४ नं. वडा कार्यालय चौमाला राजिपुर , कैलाली
श्री ६ नं. वडा कार्यालय वनवेहडा , कैलाली
श्री नगर स्तरीय जेष्ठ नागरिक समन्वय समिति (अध्यक्ष श्री राम सिंह ठकुरी)

उपरोक्त सम्वन्धमा शिक्षा विकास निर्देशनालय राजपुर दिपायल डोटीको च.नं. २४८ मिति २०७६/१/१५ गतेको प्राप्त पत्र अनुसार यस नगरपालिका अन्तरगत जेष्ठ नागरिक विश्राम स्थल/आनन्दालय निर्माणका लागि वजेट विनियोजन भएको र निर्माण कार्यका लागि सरोकारवालाहरुको भेला गराई उपभोक्ता समिति गठन गरी सम्झौताका लागि निर्देशनालयमा पठाईदिन हुन भनि अनुरोध भई आएका हुदाँ उक्त पत्रको छायाकपी यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । जेष्ठ नागरिक विश्राम स्थल/आनन्दालय निर्माणका लागि २०७६ साल वैशाख २५ गते दिउँसो २.०० मोहन्याल मन्दिर परिसर चौमालामा उपभोक्ता समिति गठन हुने भएकाले तहाँ वडा/समितिका सरोकारवालाहरुलाई जानकारी गराई उपभोक्ता समिति गठन प्रक्रियामा सहभागी गराईदिन हुनकासाथै वडाध्यक्षज्यूको समेत उपस्थितीका लागि अनुरोध छ ।

.............................................
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
वडा सचिव श्री उपेन्द्रराज गिरी
३ नं. वडा कार्यालय भिmल कैलाली :- उपभोक्ता समिति गठन प्रक्रियामा सहभागी भई सहजिकरण गर्ने र निर्णयको प्रतिलिपी यस कार्यालयमा पेश गर्नहुन ।

सूचना प्रविधि शाखा,
इ-मेल गरि र वेबसाइटमा अपलोड गर्नु।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
**शिक्षा विकास निर्देशनालय**
राजपुर, दिपायल, नेपाल

फोन नं. ०९४-४४०१३५
फ्याक्स नं. ०९४-४४०३०९
Emial Id : fwred@gmail.com

प.सं.: २०७५/०७६
च.नं. ४२८

मिति : २०७६/१/१५

विषय : सम्झौता गर्ने सम्बन्धमा ।

श्री गौरीगंगा न.पा. नगरपालिका
चौमाला कैलाली

गौरीगंगा नगरपालिका
दर्ता नं. ४२६५
मिति ०७६।१।२३
दस्तखत

श्री सामाजिक विकास मन्त्रालयको च.नं. २१४२ मिति: २०७६/१/१० को पत्र बमोजिम यस निर्देशनालयलाई प्राप्त अख्तियारी बमोजिम तहां नगरपालिका/गाउंपालिका अन्तरगत गौरीगंगा नगरपालिका, चौमाला कैलाली स्थानमा स्थानिय तहको सहकार्यमा जेष्ठ नागरिकलाई एक्लो महशुस र तनाव मुक्त बनाई खुसी प्राप्तीको वातावरण तयार गर्ने उद्धेश्यले जेष्ठ नागरिकलाई विश्राम स्थल/ आनन्दालय निर्माणका लागि रु ३८,६६,६६०/(अक्षेरुपी अठतीस लाख छ्यासट्ठी हजार छ सय साठी मात्र) बजेट बिनियोजन भई आएकोले तहां नगरपालिका बाट सरोकारवालाहरुलाई भेला गराई उक्त भेला बाट नै उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपी, स्थानिय तहको उपभोक्ता समिति संग सम्झौता गरी कार्य अगाडी बढाई दिनका लागी यस निर्देशनालयलाई सिफारिश गरेको पत्र, निर्माण हुने जग्गाको भोगाधिकार प्रमाणित, यसै आ.व. भित्र कार्य सम्पन्न गर्ने प्रतिबद्धता पत्र, सम्बन्धित क्षेत्रको निर्वाचित प्रदेशसभा सदस्यको समन्वयमा बिस्तृत कार्ययोजना तयार गराई यथाशक्य चाडो उपभोक्ता समितिको अध्यक्ष लाई उक्त कागजात सहित यस निर्देशनालयमा सम्झौताका लागि आवश्यक समन्वय गरि दिनु हुन अनुरोध छ ।

१।१५

दुर्गादत्त बिष्ट
निर्देशक
का.मु. निर्देशक

श्री योजना/प्राविधिक/सामाजिक विकास शाखा,
श्रीमान सभासदज्यू र सरोकारवालासँग समन्वय गरी आ.का.ग.गरी

०७६।१।२३